म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २ | सोमबार १६ साउन २०७९ | ने. सं. ११४२ गुँलाथ्व | 1 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सूचना ! सूचना !! सूचना !!!**

यस संस्थामा लामो समय देखि बक्यौता रकम राखि पटक पटक पत्राचार फोन सम्पर्क तकिता गर्दा पनि बक्यौता भुक्तानी गर्न कुनै चासो नराख्नु भएको हुँदा ७ दिनभित्र रकम भुक्तान गर्नु हुन अनुरोध गर्दछौ, साथै तोकिएको समय सिमाभित्र भुक्तान नभएमा तीन पुस्ते विवरणसहित पुन: स्थानीय पत्र-पत्रिकामा प्रकाशित गरिने व्यहोरा यसै सूचनामार्फत जानकारी गर्दछौ ।

**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**

हेटौंडा-१०, रुद्रपथ

फोन: ०५७-५२६२६०

## जिल्लाको चौथो बालमैत्री गाउँपालिका बन्ने तयारीमा कैलाश

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ मकवानपुरको विकट कैलाश गाउँपालिकालाई बालमैत्री घोषणा गर्ने तयारी गरिएको छ ।

कैलाशले आफूलाई मकवानपुर जिल्लाको चौथो बालमैत्री गाउँपालिका घोषणा गर्ने तयारी गरेको हो । गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईले आगामी मंसिर २५ गते बालमैत्री गाउँपालिका घोषणा गर्ने तयारी भइरहेको जानकारी दिए ।

उनले गाउँपालिकालाई बालमैत्री घोषणा गर्न पुरा गर्नुपर्ने सुचकहरुअन्तर्गत रहेर काम भइरहेको बताए । यसअघि मकवानपुरको तीनवटा गाउँपालिका बालमैत्री घोषणा भइसकेको छ । जिल्लाको मनहरी गाउँपालिका नेपालकै पहिलो बालमैत्री गाउँपालिका घोषित भएको थियो भने बकैया गाउँपालिका र मक्वानपुरगढी गाउँपालिका पनि बालमैत्री घोषित भइसकेको अवस्था छ ।

कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले पालिकालाई बालमैत्री घोषणाका लागि साउनको पहिलो हप्तादेखि वडास्तरीय रणनीति तथा कार्ययोजना तयारी सम्बन्धि वडा-वडामा छलफल भइरहेको बताए । यसका लागि १० जना वडास्तरीय र १ जना पालिकास्तरीय स्वयंसेवकले सम्बन्धित वडाहरुमा काम गरिरहेको उनले



जानकारी दिए । पालिकाले बालमैत्री घोषणाको तयारी अन्तर्गत गएको साउन १० गते शिर्षक सरलीकरण र आचारसंहिता निर्माण कार्यक्रम सम्पन्न गरेको थियो ।

यसैगरी, असार १३ र १४ गते पालिकास्तरीय बालमैत्री स्थानीय शासन रणनैतिक योजना तर्जुमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो । कैलाश गाउँपालिका देशकै छैठौं र मकवानपुरको चौथो बालमैत्री घोषणा भएको गाउँपालिका हुनेछ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ अनुसार बालमैत्री स्थानीय शासनका ५१ वटा न्यूनतम सूचकहरु तोकिएका छन् । जसमा बाल बचाउतर्फ १४, बाल संरक्षणतर्फ १०, बाल विकासतर्फ ६, बाल सहभागितातर्फ ६ र संस्थागत विकासतर्फ १५ वटा सूचक तोकिएका छन् ।

दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएको हुनुपर्ने, एक वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनुपर्ने, ५ वर्षमुनिका सबै बालबालिकाको जन्मदर्ता भएको हुनुपर्ने, स्थानीय तह बालविवाह मुक्त भएको हुनुपर्ने, सडक बालबालिकाको संख्या शून्य भएको हुनुपर्ने, ५ देखि १४ वर्ष उमेर समूहका शतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा पुरा गरेको हुनुपर्ने, गाउँपालिका र नगरपालिकामा कम्तिमा एक बाल उद्यानसहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनुपर्ने लगायतका बालबालिकाको अधिकारसँग सम्बन्धित विषयहरु सूचकको रुपमा रहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम बालमैत्री स्थानीय शासन प्रर्बद्धक गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ र नगरपालिकाको वडालाई दिएको छ । यही व्यवस्था बमोजिम अबको तीन महिनाभित्रमा वडा नम्वर २ र ३ लाई बालमैत्री वडा घोषणा गरिनेछ भने बाँकी वडाहरु पालिका घोषणा भएकै दिनमा बालमैत्री घोषणा गरिने पालिकाको तयारी छ ।

हेटौंडा उपमहानगर पालिकाले पनि उपमहानगर पालिकालाई बालमैत्री घोषणा गर्ने बताउदै आएको थियो । तर,पछिल्लो समय उपमहानगरमा भने बालमैत्री घोषणा गर्नको लागि कुनै तयारी भएको देखिदैन ।

## अडान बागमतीको समिति विस्तार

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ नेपाल अडिटर्स एसोसिएसन (अडान) बागमती प्रदेशको समिति विस्तार भएको छ । अडान प्रदेश अध्यक्ष रामकुमार बर्तौलाले समितिलाई विस्तार गरेका हुन् ।

बर्तौलाको अध्यक्षतामा बसेको दोस्रो बैठकले समितिमा ६ जना सदस्य मनोनित र पाँच सदस्यीय सल्लाहकार समिति गठन गरेको हो ।

दोलखाका उदम चन्द्र श्रेष्ठ, सिन्धुलीका बद्रि नारायण श्रेष्ठ, नुवाकोटको विष्णु प्रसाद नेपाल, र सुवाका गणेश प्रसाद रेग्मी, काभ्रेपलाञ्चोकका दण्डमणी अधिकारी, सिन्धुपाल्चोकका नानीकाजी थापा प्रदेश समितिमा मनोनित गरिएको हो । योसँगै अडान बागमती प्रदेश समिति १८ सदस्यीय भएको छ ।

त्यस्तै सल्लाहकार समितिमा चितवनका केशव प्रसाद पौडेल, चितवनकै तिलक आचार्य, मकवानपुरकी कल्पना इटेनी, मकवानपुरकै रघुनाथ खराल र सिन्धुपाल्चोकका कृष्ण कुमार श्रेष्ठ रहेका छन् ।

बैठकले १७ औं अडान 'डे'को अबसरमा प्रदेश अन्तर्गतका जिल्लाहरुमा लेखापरीक्षकहरुको क्षमता अभिवृद्धिको तालिम सञ्चाल गर्ने निर्णय भएको अध्यक्ष बर्तौलाले बताए ।

## 'उहिलेको पत्रकारिता र डिजिटल साक्षरता' पुस्तक विमोचन


साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ सञ्चार रजिष्ट्रारको कार्यालय हेटौंडाले उहिलेको पत्रकारिता र डिजिटल साक्षरता सम्बन्धि पुस्तक विमोचन गरेको छ ।

आइतबार एक कार्यक्रमबीच बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण प्रसाद शर्मा खनालले पुस्तक विमोचन गरेका छन् । डिजिटल साक्षरता सम्बन्धि पुस्तकमा के होडिजिटल ?, डिजिटलका डिभाइसहरु, कम्प्युटर नेटवर्किङ; कम्प्युटर नेटवर्किङ इन्टरनेट, मोडेम राउटर र स्वीच, थ्रिजी, फोरजी र फाइपजी विषयहरुलाई पठनीय रुपमा समावेश गरिएको छ ।

पुस्तकमा वेवसाइट, डोमेन नेम, सर्च इन्जिन, सामाजिक सञ्जाल, भियोडी र ओटिटी प्लेटफर्म, इकमर्स, डिजिटल बैंकिङ, बिटक्वाइन र क्रिप्टोकरेन्सी, साइबर अपराध र सुरक्षा, साइबर हमला, ह्याकिङ र क्रयाकिङका बारेमा जानकारी उपलब्ध छन् ।

भाइरस र स्पाइवेयर, एन्टिभाइरस, सुरक्षा फायरवाल, भिपिएन, इन्टरनेट अफ थिङ्गस आइओटी, आर्टिफिसियल इन्टेलिजेन्स, अल्गोरिदम, मेसिन लर्निङ, विग डाटा, क्लाउड कम्प्युटिङ र क्लाउड स्टोरेजका बारेमा पुस्तकले जानकारी दिनेछ । पुस्तकमा इ गभरमेन्ट र इन्टरनेट कभरनेन्स,



इन्टरनेट अधिकार, डिजिटल डिभाईड, इन्टरनेट र कानून, इन्टरनेट र बौद्धिक सम्पति, प्रतिलिपि अधिकार, पब्लिक डोमेन, ओपन सोर्स, इन्टरनेट र गोपनियता, फेक न्यूज र डिजिटल साक्षरताका बारेमा पुस्तकमा जानकारीमूलक सामग्री समेटिएको कार्यालयले जनाएको छ ।

उहिलेको पत्रकारिता विषयमा पुराना पत्रकारिता सम्बन्धी विषयवस्तु समेटिएको छ । उक्त पुस्तकमा विगतमा गरिने पत्रकारिता, लेखन शैलीदेखि त्यतिबेलाका उपलब्ध प्रविधिलगायतका पुराना विषयहरु उल्लेख गरिएको छ । उहिलेको पत्रकारितामा समेटिएका जेष्ठ पत्रकारका ज्ञान, सीप र अनुभव नयाँ पुस्ताका पत्रकार र इतिहासका विद्यार्थीका लागि खोज र अनुसन्धान गर्ने विषय हुने जनाइएको छ । पहिले गरिने पत्रकारिताको विषयमा भैरव रिसाल, नारायण प्रसाद शर्मा, कृष्णा ताम्राकार, लालध्वज देसा राई र रामकृष्ण रेग्मीले पुस्तकमा लेखेका छन् । पत्रकारितामा उनीहरुका भोगाई, पत्रकारिताको अभ्यास, भोगेका चुनौती र संघर्षक कथा पुस्तकमा समेटिएको छ ।

उहिलेको पत्रकारिता पुस्तकले विगतमा भएको पत्रकारिताका विषयमा झल्काउने मन्त्री खनालले बताए । खनालले डिजिटल साक्षरताले अब हामी कता जाँदै छौ भन्ने देखाएको बताउँदै अब प्रविधिसँग जोडिनुपर्ने धारणा राखे । सञ्चार रजिष्ट्रारसमेत रहेका पत्रकार रेवती सापकोटाले डिजिटल साक्षरता र उहिलेको पत्रकारिता पुस्तकका बारेमा चर्चा गरेका थिए । दुवै पुस्तक पत्रकारहरुका लागि अति उपयोगी रहेको सापकोटाको भनाई छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिब नारायण प्रसाद शर्माले दुइ वटा पुस्तकबाट धेरै कुरा लिन र सिक्न सकिने बताए ।

## गुणस्तरहीन खाद्य पदार्थ उत्पादन गर्ने उद्योगमाथि मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन (रासस)/ खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले न्यून गुणस्तरको खाद्य पदार्थ उत्पादन गर्ने आठ उद्योगमाथि गत आर्थिक वर्ष २०७८/७९ मा मुद्दा दायर गरेको छ ।

विभिन्न उद्योगबाट उत्पादित नमूनाको संकलन गरी जाँच गर्दा मापदण्डअनुसारको उत्पादन नभएकाले ती उद्योगमाथि सम्बन्धित जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरिएको सो कार्यालयले जनाएको छ । कार्यालयले वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै गत आव र अघिल्लो आवको सात मुद्दाको फैसला भएकोमा चार मुद्दाको फैसला हुन् बाँकी रहेको बताइएको छ । कूल ११ वटा मुद्दा दुई आवमा दायर भएको थियो ।

गत आवमा उपभोक्ताबाट कार्यालयमा छ उजुरी प्राप्त भएकोमा पाँच उजुरीको अनुसन्धान सकिएको छ । जसमा दुई उजुरीमाथि मुद्दा दायर दायर गरिसकिएको छ भने दुईमा अनुगमन गरी सुधारात्मक निर्देशन दिइएको छ । एउटा उजुरीउपर नमूना संकलन गरी प्रयोगशाला विश्लेषण गर्दा कैफियत नपाइएको तथा एउटा उजुरी अनुसन्धानको क्रममा रहेको जनाइएको छ ।

प्रतिवेदनमा उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न विद्यमान खाद्य ऐन र नियमको प्रभावकारी कार्यान्वयन गर्दै सरोकारवालाको सहयोग र समन्वयमा कार्यक्रम सञ्चालन हुँदै आएको उल्लेख गरिएको छ । गत आवमा कार्यालयले ६० बजार, दुई सय १० उद्योग तथा ४१ होटल तथा रेष्टुराँ र चमेना गृहको अनुगमन गरिएको प्रतिवेदनमा जनाइएको छ । गत आवमा कार्यालयवाट २९



खाद्य तथा दानाको अनुज्ञापत्र जारी गरिएको, एक सय चार खाद्य पदार्थको अनुज्ञापत्र नवीकरण गरिएको तथा उद्योग स्थापनार्थ ७८ उद्योगको सिफारिस गरिएको सो कार्यालयले जनाएको छ । त्यस्तै अनुगमनको क्रममा सात होटल र रेष्टुराँलाई स्तरीकरण लोगो वितरण गरिएको बताइएको छ । कार्यालयका सूचना अधिकारी प्रगति अधिकारीका अनुसार सेवाग्राहीलाई विश्वसनीय प्रयोगशालाको अनुभूति गराउनका लागि कार्यालयले गतआर्थिक वर्षमा२ हजार एक सय २० खाद्य पदार्थ नमूना विश्लेषण गरेकोमा ९६ वटा नमूना प्रतिकूल रहेको उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त विभिन्न शीर्षकवाट गत आर्थिक वर्षमा १९ लाख ६२ हजार नौ सय राजशव संकलन गरेको थियो ।

साथै, कार्यालयले जिल्ला प्रशासन कार्यालय मकवानपुरको आदेशमा गत आर्थिक वर्षमा युनिलिभर नेपाल लिमिटेडको म्याद सकिएको २ हजार २ सय २८ वोरा चिया पत्ती नष्ट गरेको बताइएको छ ।

**भूल सुधार** यस साझाकुरा राष्ट्रिय दैनिक पत्रिकाको आइतबार प्रकाशित पत्रिकामा वर्ष १२ अंक १ हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ । -सम्पादक

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**ADMISSION OPEN**


**10+2**

**SCIENCE**

**HOTEL MANAGEMENT**

**MANAGEMENT**

(Both for the Morning & the Afternoon Session)



Foundation Classes for Medical and Engineering

New attraction for Science students

HETAUDA SCHOOL OF MANAGEMENT

"कडा अनुशासन, स्तरीय शिक्षा"

Contact: 057-524701, 057-524711

Hetauda-4, Makawanpur

info@hsm.edu.np

@hsm.edu.np

www.hsm.edu.np

साझाकुरा

## हाम्रो कुरा

### 'सफा हेटौंडा अभियान'

# सामूहिक प्रयास जुटाऊ

हेटौंडा उपमहानगरपालिकाले नगरलाई सफा र सुन्दर बनाउने उद्देश्यले *'सफा हेटौंडा अभियान'* घोषणा गरेको छ । दुई साताअघि उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामाले संघसंस्थाका प्रतिनिधि, टोल विकास संस्था नगर समन्वय समितिका पदाधिकारी तथा मुख्य बजार क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधिहरुसंगको छलफलपछि यो अभियान घोषणा गरेकी हुन् । हप्ताको एक दिन दुई घण्टा स्वयम्सेवी ढंगले नगरको विकासमा श्रम गर्ने परिपाटी विकास गर्दै नगरलाई सफा, स्वच्छ र हराभरा बनाउने अभियानको लक्ष्य रहेको बताइन्छ । आ-आफ्नो घरआँगन र बाटो वरपर आफैंले सफा गर्दा जथाभावी फोहोर गर्ने बानीको अन्त्य गर्न पनि अभियान सार्थक हुने विश्वास नगरको रहेको पाइयो ।

गत वैशाख ३० गते निर्वाचित भएर आएका जनप्रतिनिधिहरूले आफूलाई जनतामाझ लोकप्रिय बनाउन विभिन्न अभियान घोषणा गरेर कामको थालनी गरेको पाइन्छ । तर, अभियानमा प्रमुखहरु सीमित जनतामाझ आफूहरुमात्रै सक्रिय भएको देखिन्छ । स-साना कामहरु जस्तै: इनार बनाउने, पिउने पानीको पाइप विच्छ्याउने, पानी ट्याङ्की सरसफाई, पार्क निर्माण, ढल सफाई, बाटोघाटो सफाई, मन्दिर सरसफाई लगायत कार्यहरुमा स्थानीय तहका प्रमुखहरु नै जुटिरहँदा कतै सकारात्मक त कतै नकारात्मक टीकाटिप्पणी भइरहेको पाइन्छ । 'जथाभावी फोहोर गर्नु हुँदैन, गरिहाले यसको सफाई सबैले गर्नुपर्छ' भन्ने भावनाको विकास हुन सकेमा अहिले भइरहेको फोहोरमा धेरै न्यूनीकरण गर्न सकिन्छ । आफूले गरेको फोहोर आफैंले टिप्नुपर्छ भनेपछि त्यो फोहोर तोकिएको स्थानमा मात्रै फाल्ने संस्कार विकास हुन्छ । बाहिरबाट आएर आफ्नो घर टोलमा फोहोर फ्याँक्न थालेमा त्यसको रोकथाम स्थानीय आफैंले गरिरहेका हुन्छन् । त्यसैले फोहोरलाई जथाभावी फाल्नबाटै रोक्न यो अभियान सार्थक हुनुपर्छ ।

हेटौंडा उपमहानगरले सबै वडामा एकसाथ अभियानलाई अगाडि बढाएको छ । जनस्तरमा यसलाई अपनत्व हुने गरी अगाडि बढाएको अभियानमा अब क्रमश: जनसहभागिता बृद्धि हुँदै जानुपर्छ । प्लाष्टिकलाई सुइरो अभियान सुरु गरेर नियन्त्रण गरेर देशमै सफा सहरको पहिचान बनाएको हेटौंडाले अब यो अभियानबाट देशमै सफा शहरको पहिचान बनाउन पछि पर्नु हुँदैन । हरेक टोलमा हप्तैपिच्छे सफाई अभियान, चोक-चोकमा व्यवस्थित 'डस्ट विन' व्यवस्थापन गर्दै जनसहभागिता अभिबृद्धि गर्न सकेमा अभियानले सार्थकता पाउनेमा विश्वस्त हुन सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन १७ गते मंगलबार २ अगष्ट २०२२ । श्रावण शुक्लपक्ष पञ्चमी । गुँलाथ्व ११४२ । सूर्योदय: ५:२८, सूर्यास्त: ६:५१ मा हुनेछ । नाग पञ्चमी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रोकिएका काम बन्ने योग छ | तुला | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| वृष | : लगानीको अवसर जुट्नेछ | वृश्चिक | : व्यावसायिक यात्राको सम्भावना छ |
| मिथुन | : यात्रा अघि बढ्न सक्नेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | मकर | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| सिंह | : छिमेकमा असमझदारी बढ्नेछ | कुम्भ | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ |
| कन्या | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | मीन | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ |

# बिचौलियाको मुठीमा शिक्षा



लोकरञ्जन पराजुली

नेपालमा शिक्षामा आम मानिसको पहुँच पुगेको लामो समय भएको छैन । २००७ सालमा राणाशाहीको पतन हुँदा नेपालमा सामान्य लेखन-पढन जान्नेहरू सयकडा दुई पनि थिएनन् । मुलुकभर जम्माजम्मी एउटा कलेज, ११ वटा हाइस्कूल र करीब ३०० प्राथमिक विद्यालय थिए । राणा शासन अन्त्य भएको सात दशक नाघिसक्यो । अहिले ३५ हजारभन्दा बढी विद्यालय छन् । विद्यालय तहमा करीब ८० लाख विद्यार्थी अध्ययनरत छन् । एक दर्जन विश्वविद्यालय र १४ सयभन्दा बढी कलेज सञ्चालनमा छन् ।

यो संख्या मात्र हेर्दा सात दशकमा शिक्षामा उल्लेख्य विस्तार भएको भन्न सकिन्छ । यद्यपि, कति बालबालिका (कम्तीमा तीन प्रतिशत) ले विद्यालयको मुखै देख्न पाउँदैनन्, विद्यालय गएकामध्ये पनि केही वर्षमै ठूलै हिस्सा (कक्षा ८ सम्म पुग्दा २० प्रतिशत) विद्यालय जान छाड्छन् । जो-जति बाँकी रहन्छन् तिनले के र कति सिक्छन् हामीले के र कसरी पढाइरहेका छौं भन्ने प्रश्न टड्कारा छन् । त्यसमाथि, अहिले संवैधानिक, कानूनी, व्यावहारिक र सामाजिक रूपमै हाम्रो विद्यालय शिक्षा क्षेत्रमा विसंगति देखिन्छ । यो आलेखमा तिनै विसंगतिको चर्चा गरिएको छ ।

***मौलिक हक र शिक्षाको व्यापार***

राणाकालमा सार्वजनिक शिक्षा निषेध जस्तै भए पनि पद्मशमशेरको पालामा (२००४ साल) बनेको पहिलो संविधानमै शिक्षालाई मौलिक हक अन्तर्गत राखिएको थियो । संविधान बनाउने शासक (पद्मशमशेर) लखेटिएकाले आंशिक कार्यान्वयनमा आएको उक्त संविधानको मौलिक हकमा 'अनिवार्य नि:शुल्क प्रारम्भिक शिक्षा' राखिएको छ । यद्यपि, विविध खण्ड अन्तर्गत दफा ६० मा 'सकभर चाँडो, र अवस्थाले दिएसम्म भर-मुलुकमा प्रारम्भिक शिक्षा नि:शुल्क अनिवार्य' गरिने थपेर मौलिक हकलाई कमजोर तुल्याइएको थियो । यस्तो भ्रमको क्रम अझै रोकिएको छैन ।

पछिल्लो, २०७२ सालको संविधानमा पनि शिक्षालाई मौलिक हकभित्रै राखिएको छ । अनि, आधारभूत तहसम्मको शिक्षा नि:शुल्क मात्रै भनिएको छैन अनिवार्य समेत भनिएको छ । माध्यमिक तहसम्मको शिक्षा चाहिं नि:शुल्क हुने भनिएको छ । अनिवार्यको अर्थ हो, विद्यालय जाने उमेरका मुलुकभरका सबै बालबालिकाले आधारभूत तहसम्मको शिक्षा लिनै/पाउनैपर्छ । अर्थात्, शिक्षालाई व्यक्तिको अधिकार र कर्तव्य दुवैसँग जोडिएको छ भन्न सकिन्छ । तर, सात दशकपछि पनि संविधानमा उल्लिखित मौलिक हक कडाइका साथ क्रियान्वित गरिएको छैन । आफ्ना सन्तानलाई विद्यालय नपठाउने अभिभावक र सुगमतासँग त्यस्तो शिक्षा उपलब्ध गराउन नसक्ने सरकार (स्थानीय वा संघीय) को दोषभागी हुने र के-कस्तो सजाय पाउने संविधान/कानूनमा उल्लेख नभएकाले संविधान उल्लंघन हुँदा पनि कसैले त्यसको जिम्मेवारी बोक्नुपरेको छैन । थुप्रै उन्नत मुलुकमा विद्यालय नपठाउने बाबुआमालाई दण्ड-सजाय गरिन्छ ।

एकातिर, संविधान र अन्य राष्ट्रिय नीति (ऐन) हरूमा शिक्षालाई मौलिक हक र सार्वजनिक हितको वस्तु (पब्लिक गुड) का रूपमा हेरिएको छ, अर्कोतिर शिक्षालाई व्यापारको वस्तु पनि बनाइएको छ । प्रश्न उठ्छ, शिक्षा पाउनु संवैधानिक मौलिक हक हो भने यो व्यापारको विषय कसरी बन्न सक्छ ? शिक्षा एकैपटक अधिकार, कर्तव्य र व्यापारको विषय बन्न जाँदा यसले एउटा अनौठो र असंत परिस्थिति निर्माण गरेको छ ।

***पालना नभएका नियम-कानून***

हाम्रा सार्वजनिक विद्यालयहरू अति कम स्रोतसाधनमा चलेका छन् । विद्यालयमा सहयोगी कर्मचारी (लेखापाल, आया, पियन आदि) त छैनन् नै, शिक्षक पनि पर्याप्त छैनन् । शिक्षकहरूको सेवा-सुरक्षाको स्थिति पनि नाजुक छ, प्रधानाध्यापकहरू स्वयं 'स्थायी' शिक्षक नभएका थुप्रै उदाहरण छन् । एउटै सरकारी दरबन्दी नपाएका, एक वा दुई शिक्षकका भरमा चलेका विद्यालय पनि धेरै छन् ।

संविधानले नै विद्यालय शिक्षा नि:शुल्क भनेकाले सोही अनुरूप कानून/ नियमले पनि सामुदायिक विद्यालयलाई विद्यार्थीबाट शुल्क उठाउन रोकेको छ । विद्यालयको आफ्नै आयस्रोत नहुने र राज्यले पनि शिक्षकको व्यवस्था नगरिदिंदा बहुसंख्यक सामुदायिक विद्यालयको हालत खराब छ । यी विद्यालय न कानूनत: आफैं योग्य शिक्षक नियुक्त गर्न सक्ने अवस्थामा छन्, न उनीहरूसँग आफ्ना शिक्षकलाई सरकारी निकायले तोकेको न्यूनतम पारिश्रमिक दिन सक्ने त्यांकत छ ।

सामुदायिक विद्यालयहरूमा पर्याप्त स्रोतसाधन (मानवीय र अन्य) नहुँदा त्यसको मार शिक्षाको गुणस्तरमा प्रत्यक्ष पर्छ नै । यसले सामुदायिक विद्यालयहरूमा अधिक दबाब पनि परिरहेको छ । आफ्ना शिक्षक र कर्मचारीलाई तलब खुवाउन विद्यालयहरूलाई हम्मे परेकाले उनीहरूले विभिन्न उपाय अवलम्बन गरिरहेका छन् ।

यस्ता उपायमा अभिभावकबाट विभिन्न बहानामा शुल्क उठाउने, शिक्षकहरूलाई सरकारले तोकेभन्दा निकै कम तलबमा काम गराउने आदि छन् । त्यस्तै, विद्यालयमा विभिन्न शीर्षकमा आउने रकमहरूको रकमान्तर (शीर्षक फेरबदल) गरी तलब खुवाउने अनि भवन निर्माण, शौचालय निर्माण, पुस्तकालय, छात्रवृत्ति र दिवाखाजा जस्ता विद्यालयलाई प्राप्त हुने रकम पनि शिक्षक/कर्मचारीको तलब खुवाउनमा प्रयोग भएको अनुसन्धानले देखाएका छन् ।

कानून/नियमबाट वर्जित यस्ता क्रियाकलाप भइरहेकोबारे सरकार र सम्बद्ध निकायहरूले थाहा पाएर पनि थाहा नपाए जसरी बसिरहेका छन् । राज्यले बनाएका नीति सामुदायिक विद्यालयले पूर्णत: पालना गर्ने हो भने ती विद्यालय अहिले जे-जस्तो अवस्थामा सञ्चालन भइरहेका छन्, यति पनि चल्न नसकेर तिनको हालत योभन्दा खराब हुनेछ । राज्यले एकातिर सामुदायिक विद्यालयहरूलाई आवश्यक स्रोत उपलब्ध गराउँदैन, अर्कोतिर अनिवार्य र नि:शुल्क पढाऊ भनेर संवैधानिक र कानूनी प्रावधान राख्छ । यसले गर्दा विद्यालयको सञ्चालन संकुचित वा सम्झौतापूर्ण तवरले भएको छ- कागज (लेखा परीक्षणमा) मा ऐन-नियमको पालना भएको देखिन्छ, तर व्यवहारमा अर्कै वा 'गैरकानूनी' काम पनि भइरहेको छ । राज्यले लिएको नीति अनुरूप स्रोतसाधनको व्यवस्था नगरिंदा हाम्रो सामुदायिक शिक्षा-व्यवस्था ढोंग र झूटको बलमा टिकेको देखिन्छ । यो विसंगतिपूर्ण स्थितिबाट पार नपाउने हो भने यसले नेपालको शिक्षा क्षेत्रलाई कालान्तरसम्म गाँजिरहनेछ ।

***निरीह राज्य***

पञ्चायतकालको पछिल्लो चरणमा मूलत: मुलुकको पैसा विदेश गएको निहुँमा शिक्षा-व्यापारको बाटो खोलियो । विश्व बैंक जस्ता संस्थाको उक्साहट र दबाबमा २०४६ सालपछि त्यो क्रम अझ फैलियो । अहिले शिक्षा-व्यापार एउटा महत्वपूर्ण धन्दा बनेको छ । करीब २० प्रतिशत विद्यालय नाफा कमाउने उद्देश्यले खुलेका छन् । तिनमा समग्र विद्यार्थी संख्याको एक तिहाइ पढ्छन् र यो संख्या दिनानुदिन बढ्दो छ ।

अहिले नेपालको शिक्षा क्षेत्र नेता-व्यापारी-दलालको चङ्गुलमा पुगिसकेको छ । मन्त्री, केन्द्रीय नेतादेखि स्थानीय सरकारको नेतृत्व गर्नेहरू नै शिक्षा-व्यापारमा प्रत्यक्ष-परोक्ष संलग्न छन् । शिक्षा-व्यापारीहरू आफूले विद्यार्थीबाट उठाएको रकमले सबैजसो दलबाट सांसद र मन्त्री पद किन्न सफल भइसकेका छन् । दलका नेताहरूलाई प्रभावित गरेर उनीहरू आफ्नो अनुकूल शिक्षा नीति तयार गर्ने वा प्रतिकूल आउन लाग्दा सजिलै रोक्ने वा कथं आएमा त्यसलाई निकम्मा तुल्याउने भइसके ।

उदाहरणका लागि, २०७४ सालमा नेकपा (एमाले) का नेता केपी शर्मा ओली नेतृत्वको सरकारले शिक्षा क्षेत्रको समग्र सुधारका लागि तत्कालीन शिक्षामन्त्री गिरिराजमणि पोखेलको नेतृत्वमा उच्चस्तरीय शिक्षा आयोग गठन गरेको थियो । आयोगको प्रतिवेदनको केही पक्ष निजी शिक्षाबारे अलि आलोचनात्मक थिए । तर, दर्जनौं शिक्षाविद् र अन्य व्यक्तिको श्रम र पसिना परेको तथा नेपाली जनताले तिरेको करबाट करिब दुई करोड रुपैयाँ खर्चेर तयार गरिएको उक्त प्रतिवेदन लागू हुनु त परै जाओस्, प्रधानमन्त्री ओलीले सार्वजनिक समेत हुन दिएनन् । शिक्षा क्षेत्रमा शिक्षा-व्यापारी र दलालहरूको पकड कति बलियो छ भनेर बुझ्न यही एउटा उदाहरण काफी छ ।

शिक्षालाई व्यापारको वस्तु बनाएकाहरूले निजी शिक्षा राम्रो/ गुणस्तरीय र सार्वजनिक शिक्षा गुणस्तरहीन भन्ने भाष्य स्थापित गर्न खोजेको देखिन्छ । र, त्यो एक हदसम्म स्थापित भएको पनि छ । अहिले जे-जति सार्वजनिक विद्यालय 'गतिला' भनेर चम्किएका छन्, वा सुधारका लागि प्रयत्नरत छन्, तिनले निजी विद्यालयलाई मानक मानेर पछ्याएका छन्- तिनले उही पुस्तक पढाउँछन्, उसै गरी रटाउँछन्, अंग्रेजीलाई प्रधानता दिन्छन्, उस्तै पोशाकको नियम लगाएका छन् । समग्रमा शहरी क्षेत्रका सामुदायिक विद्यालय हुँदा खानेका लागि र निजी विद्यालय हुने खानेका लागि भएको छ ।

समाजमा यी दुई वर्गबीच जुन खाडल थियो त्यसलाई शिक्षा क्षेत्रले अझ गहिरो बनाउँदै छ । दुईखाले विद्यालयमा पढेका विद्यार्थीका कारण आउँदा दिनमा नेपाली समाजको भिन्नताको प्रमुख 'मार्कर' नै शिक्षा हुने देखिन्छ । सार्वजनिक विद्यालयका उत्पादनहरू अरब, खाडी र अन्य मुलुकमा मजदूरी गर्ने र निजी विद्यालय उत्पादनहरूको समग्र सार्वजनिक स्पेसहरूमा क्रमश: कब्जा हुने स्थिति आउँदै छ ।

यो परिदृश्य देखेका सबैको ध्याउन्न आफ्ना सन्तानलाई निजी विद्यालय र सकेसम्म महँगोमा पढाउने नै छ । किनभने, जति महँगो उति राम्रो शिक्षा भन्ने सन्देश प्रवाह गरिएको छ । निजी शिक्षाको मूल्य आकाशिँदै गएको सन्दर्भमा सबैको ध्यान पैसाको जुगाड गर्नेतर्फ मात्र छ- ताकि सन्तानलाई 'राम्रो' शिक्षा दिन सकियोस्, र परिवारका सदस्य बिरामी पर्दा उपचार गराउन सकियोस् । यी सबैका लागि एउटा सामान्य परिवारको कमाइ र एक ठाउँमा गरेको कामको तलबले पुग्दैन ।

त्यसैले धेरै त्यस्ता परिवार दुईभन्दा बढी काम गर्न वा कतिपय त अनैतिक हिसाबले कमाइका लागि उद्यत देखिन्छन् । यदि एउटा नागरिकको सम्पूर्ण ध्यान र स्रोत शिक्षा र स्वास्थ्यमा खन्याउन नपर्ने हुँदो हो त ऊ अनैतिक तवरले वा तीन-चार ठाउँमा काम गर्न कुद्न पर्दैनथ्यो । उसले आफ्नो ऊर्जा आफ्नो रुचिको विषयमा खर्च गर्न सक्थ्यो र मुलुकको सिर्जनात्मक उन्नतिमा त्यसले ठूलो भूमिका खेल्थ्यो । विडम्बना, राज्य नै सार्वजनिक शिक्षालाई ध्वस्त पार्दै निजीलाई पोस्न उद्यत छ ।

***बदल्नुपर्ने प्राथमिकता***

विद्यमान समस्या निराकरणको एउटा प्रमुख उपाय हो, शिक्षा (र स्वास्थ्य) क्षेत्रलाई व्यापारको वस्तु बनाउनबाट रोक्नु । यसका लागि सार्वजनिक शिक्षाको गुणस्तर बढाइनुपर्छ । सार्वजनिक शिक्षाको स्तर उकास्न शिक्षामा लगानी बढाउन आवश्यक छ । यसअघिका शिक्षा आयोगहरू र नयाँ उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनमा पनि शिक्षामा सुधार गर्ने हो भने सार्वजनिक लगानी उल्लेख्य रूपमा बढाउन सुझाव दिइएको छ । पछिल्ला केही वर्षमा नेपालले शिक्षामा राष्ट्रिय बजेटको १० प्रतिशत लगानी गरिरहेको छ । जबकि, संयुक्त राष्ट्रसंघको शिक्षा सम्बन्धी दिगो विकास लक्ष्य प्राप्त गर्न शिक्षा क्षेत्रमा राष्ट्रिय बजेटको १५/२० प्रतिशत लगानी गर्नुपर्ने उल्लेख छ ।

शिक्षामा लगानी बढाउनुपर्ने विषयमा राजनीतिक दलका नेता तथा सरकारी पदाधिकारी सहमत भए पनि राष्ट्रिय आय कम भएकाले शिक्षा-बजेट बढाउन नसकिने भन्दै लाचारी प्रकट गर्छन् । नयाँ संविधानमा गरिएको व्यवस्था अनुसार विद्यालय शिक्षा स्थानीय सरकार मातहत आएको छ । तर, न संघीय सरकार न प्रदेश सरकार न त स्थानीय सरकारकै ध्यान शिक्षा क्षेत्रमा छ । अधिकांश स्थानीय सरकारहरूले शिक्षामा आफ्नो बजेटको एक-दुई प्रतिशत रकम पनि खर्चेका छैनन् । त्यसैले, मूल कुरा पैसा नभएको होइन, प्राथमिकता नै नभएको हो । प्राथमिकता भए रकम जोहो गर्न सकिन्छ ।

उदाहरणका लागि, बितेका केही वर्षमा मात्रै सरकारले करीब २० हजार नयाँ सुरक्षाकर्मी थप्यो । नेपाल जस्तो मुलुकलाई अहिलेको अवस्थामा किन एक लाखभन्दा बढी सेना चाहिन्छ ? एउटा सुरक्षाकर्मीमा हुने खर्चले करिब तीन जना शिक्षकको तलब थेग्छ । सरकारलाई सेना, प्रहरीमा जवान भर्ना गर्न, तिनको भरणपोषण गर्न पैसा निस्किन्छ, तर शिक्षकको दरबन्दी दिन पैसा हुँदैन । यसले हाम्रो सरकारको, राजनीतिक नेतृत्वको प्राथमिकता प्रष्ट्याउँछ ।

त्यसैले, प्राथमिकता बदलेर सार्वजनिक शिक्षामा यथेष्ट लगानी बढाए मात्रै नेपालको शिक्षा क्षेत्रमा सुधार हुनेछ । अन्यथा, हामीले मुलुकभित्रै शिक्षा मार्फत हुँदा खाने र हुने खानेको दुइटा नेपाल निर्माण गर्नेछौं, जसको आपसमा कुनै संगति हुनेछैन ।

*-साभार: देशसञ्चार*

# 'काम गर्न देऊ, बालेनलाई डिस्टर्ब नगर'



बैकुण्ठ ढकाल

म गाली खानकै लागि यी शब्दहरू लेखिरहेको छु । गाली गर्ने लाममा को-को उभिने रहेछन्, त्यो हेरेर आनन्द लिनु छ मलाई । चुनावी अभियानको क्रममा हो क्यार, नेपालकै पुरानो महानगरपालिकामा मेयरको उम्मेदवारी घोषणा गर्दै एक जना ज्यापरले काठमाडौंलाई विश्वकै सुन्दर शहर बनाउँछु भनेका थिए ।

भन्यो भने भन्या जस्तो होला । अरुले नपत्याए पनि मैलेचाहिँ यो कुरा पत्याएको थिएँ । मानिस जुन पृष्ठभूमिबाट आयो उसले त्यही गर्ने हो । मोही माग्नु ढुंग्रो किन लुकाइरहनु ! मैले बालेन्द्र साह उर्फ बालेनकै कुरा गर्न लागेको हो । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहले ज्यापार यमबुद्धको शालिक बनाउने घोषणा गरे महानगरपालिकाको बजेटबाट । त्यसको निकै आलोचना भयो । अनि उनले त्यसको जवाफ दिए- म मेरो तलबबाट शालिक बनाउँछु ।

'ठीक छ, त्यसोभए बनाऊ'

'आफ्नो तलबबाट बनाउने भएपछि आफ्नै घरमा त बनाउने होला नि !'

सामाजिक सञ्जालमा यस्तै यस्तै प्रतिक्रिया आइरहेका थिए । प्रतिक्रिया लेख्नेहरूलाई के थाहा ? बालेन साह ७२ विगाह जमिनका मालिक हुन् । मासिक तीन लाख तलब भएको जागिर खान्थे । काठमाडौंमा आफ्नै घर छ । निजी कार छ । नपुग्दो के छ ? अब त उनी फगत काठमाडौंबासीको सेवाको लागि आएका हुन् । विचरा जुन पृष्ठभूमिबाट आए त्यही पृष्ठभूमिको व्यक्तिको लागि काम शुरु गर्न आँटेका छन् के को आलोचना होला ! म छक्क पर्छु । जिउँदोका लागि गर्ने त अरु सबै छन् नि ! यमबुद्धको शालिक बनाउने निर्णयले बालेनका समर्थकहरू निकै खुशी नै छन् । उनीहरू धेरै जसो अत्याधिक खुशीकै कारण हर्टअट्याक भएर मर्न सक्छन् । यो संख्या ठूलो हुन सक्छ । विदेशमा आत्महत्या गरेका यमबुद्धको त शालिक बनाउने बालेनले यहाँ उनको निर्णयको खुशीयाली बनाउँदा पक्कै पनि शालिक बनाइहाल्छन् । यमबुद्धको १५ लाखको शालिक बनाउनेले त्यो भन्दा ठूलो बनाउनेछन् पक्कै । अनि जसले बालेनले काठमाडौं महानगरका लागि केही गर्छ भनेर भोट हाली पठाए, शालिकबाट पो काम शुरु गर्ने भयो भनेर निकै पीर गर्नेहरू बालेनको एक दुई वर्षको कामले चरम निराशामा गएर, आत्महत्या गर्छन् । फेरि बालेनले काम गर्छन्, उनीहरूको पनि शालिक निर्माण हुन्छ, ढुक्क हुनुहोस् । बालेनको पाँचवर्षे कार्यकालमा काठमाडौं शालिकै शालिकको शहर हुन्छ । शान्त शालिकै शालिकको शहर विश्वकै सुन्दर शहर भयो कि भएन त ?

आलोचना गर्नेहरूको काम आलोचना गर्ने नै हो भन्ने बालेनले पनि बुझेका छन् । त्यही भएर उनले बडो मेहनत र जाँगर चलाएर पाँच शब्दको फेसबुक स्टाटस लेखे 'काम गर्न देऊ, डिस्टर्ब नगर ।' सामाजिक सञ्जालमा सिर्जनशीलता र जाँगर नभएकाहरू नै सक्रिय हुने हुन् । उनीहरूले बालेनले लेखेको केही सेकेण्डमै स्टाटस भटाभट कपी गरेर, आफ्नो फेसबुकभरि पेष्ट गर्न भ्याइहाले । बालेनलाई स्टाटससँग के को सरोकार ? स्टाटस लेखे- केही समय राखे अनि मेटेर फटाफट काममा लागिहाले ।

यता सामाजिक सञ्जालमा सक्रिय समूह बालेनलाई काम गर्नमा बाधा पुऱ्याउने को रहेछन् भनेर खोज्न थाले । केही क्लू भेटिन्छ कि भनेर फेरि बालेनकै फेसबुक वालमा फर्किए । त्यहाँ त बालेनको स्टाटस नै गायब । अब परेन फसाद ? अब बालेनलाई डिष्टर्ब गर्ने को को रहेछन् भन्नेको अनुसन्धानको सुइ अर्कैतिर फर्कियो । आखिर बालेनको स्टाटस कसले मेटायो, किन मेटायो ? मेटाउनुको कारण के रहेछ ? भन्ने अनुसन्धानमा जुटेको छ सामाजिक सञ्जाल प्रयोगकर्ताको ठूलो संख्या । सायद यो विषय टुंगो नलाग्दै बालेनले अर्को घोषणा गरिदिन्छन् अनि सामाजिक सञ्जाल प्रयोगकर्ता र बालेनका समर्थकहरूलाई अर्को काम मिलिहाल्छ । बालेनले महानगरको बजेटमा इ-स्पोर्टसका लागि भनेर एक करोड बिनियोजन गरेका छन् । यसको विषयमा पनि चर्को आलोचना भएपछि विश्व बजारमा इ स्पोर्टसले ठूलो हिस्सा ओगटेको उदाहरणसहित जवाफ दिँदै इस्पोर्ट्स खर्बौंको बिजनेस हो भनेका छन् । यसबाट विश्वका अन्य देशले राम्रो आम्दानी गरिरहेको बताएका छन् ।

अब नेपालले पनि त्यसबाट राम्रो आम्दानी गर्नु पर्ने उनको आशय देखिन्छ । यसरी एकपछि अर्को चामत्कारिक काम गर्ने बालेनका योजना छन् । बालेन काममा कत्ति व्यस्त छन् भने महानगरले बजेट ल्याएको तीन हप्ता भइसक्दा पनि त्यसको पूर्णपाठ सार्वजनिक गर्न भ्याएका छैनन् । पत्रकारहरूले शालिक र इस्पोर्ट्सको कुरामा त यत्ति खेदेका छन् । बजेटको पूर्ण पाठ आउँदा अझै के के आउने हो भन्ने डर हुँदो हो । पारदर्शीताको वकालत गरेर कार्यपालिकाको बैठक त प्रत्यक्ष प्रसारण गरिरहेका बालेनलाई बजेट सार्वजनिक गर्नचाहिँ कसले रोक्यो होला कुन्नि ? बालेनको चुनावी प्रतिबद्धताको २८ बुँदे घोषणापत्रमा फुटपाथ व्यापारीलाई समय निर्धारण गरेर व्यापार गर्न दिने उल्लेख छ । त्यसको कार्यान्वयन पनि गरिसकेको ज्वलन्त उदाहरण चेतेन्द्र दम्पती भएका छन् । फुटपाथ व्यापारीमाथिको लछारपछार काठमाडौं महानपालिकाका नगर प्रहरीको विशेषता हो । त्यो घटनापछि नगरप्रहरी प्रमुख बहुत उत्साहित भएका छन् । अनि सगर्व घोषणा गरेका छन्- यस्ता घटना सामान्य हुन् । पैदलयात्रीलाई असहज हुने काम गर्न दिइने छैन ।

फुटपाथ व्यापारीमाथिको लछारपछार र यमबुद्धको शालिक प्रकरण बालेनको कामको गति र संकेत हो । जेठ १३ गते औपचारिक रूपमा मेयर निर्वाचित भएका साहले जेठ १६ गते सोमबार पदभार ग्रहण गरे । आफ्नो सबै समय महानगरलाई दिने भन्दै काठमाडौंलाई विश्वको उत्कृष्ट शहर बनाउने समेतको प्रतिबद्धता जनाए ।

महानगरको नेतृत्वमा आएको दुई महिना पुग्नै लाग्दा कम्तिमा दुई वटा चर्चित काम गरे । यमबुद्धको शालिक निर्माण घोषणा र ईस्पोट्सलाई एक करोड छुट्याउने । मेरो एक मित्र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बन्छु भनेर लागिरहेका थिए ।

मैले त्यो बेलासोधेको थिएँ- विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएपछि के गर्छौ ? उनले इमान्दारीपूर्वक जवाफ दिए, 'श्रीमतीलाई यही स्कूलमा जागिर खुवाउँछु ।' ती मित्र इमानमा पक्का निस्किए । साँच्चै पहिलो काम फत्ते गरे । बालेन गुनी निस्किए, अरु नेताले जस्तो खोलो तऱ्यो, लौरो बिर्सियो गरेनन् । यसले बालेनले काठमाडौंलाई उत्कृष्ट शहर बनाउनेमा अब कोही कसैको शंका रह्यो र ?

*-साभार: जनआस्था*

# खोला ओगट्ने कम्पनीको लाइसेन्स खारेज गरिनेछ- ऊर्जामन्त्री भुसाल




काठमाडौँ, १५ साउन (रासस)/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले लाइसेन्स लिने, विद्युत् खरिद सम्झौता (पिपिए) गर्ने तर निर्माणमा नगई खोला नदी ओगटेर बस्ने प्रवृत्तिलाई निस्तेज गर्न सरकारले त्यस्ता कम्पनीको लाइसेन्स रद्द गर्ने बताएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजोन) द्वारा आइतबार आयोजित 'अन्तरदेशीय ऊर्जा व्यापारसँगै खुला पहुँच र प्रसारणको मूल्य' विषयक कार्यशालामा मन्त्री भुसालले वास्तविक प्रवर्द्धकलाई प्रोत्साहित गर्नेतर्फ आवश्यक कदम चाल्न पनि सरकार तयार रहेको उल्लेख गरे ।

उनले हाम्रो पहिलो प्राथमिकता भनेको देशमा अधिकतम विद्युत् उत्पादन गर्दै आन्तरिक खपत वृद्धि गरी प्रतिव्यक्ति विद्युत् खपतलाई क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा तुलनायोग्य अवस्थामा पुऱ्याउने र आर्थिक उत्पादकत्व वृद्धि गर्ने नै रहेको बताउँदै स्वदेशी खपतभन्दा बढी हुने विद्युत् अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्नुको विकल्प पनि नरहेको प्रष्ट पारे ।

जलस्रोतको अधिकतम उपयोग गरी विद्युत् उत्पादन गर्न विद्यमान क्यु ४० को डिजाइन व्यवस्थालाई हटाई जलविद्युत् आयोजना विकास गर्ने व्यवस्था लाइसेन्स र पिपिएमा मिलाउन खोजिएको उनको भनाइ थियो । नदी प्रवाह आयोजनाहरुको पिपिए पुन:सुरु गर्नेतर्फ गृहकार्य सुरु गरिएको पनि उनले जानकारी दिए ।

उनले भारतले नेपालका विभिन्न छ आयोजनाको करिब ३६५ मेगावाट विद्युत् भारतीय एक्सचेञ्ज बजारमा निर्यात गर्नसक्ने गरी स्वीकृति प्रदान गरेअनुसार नेपालले सो बराबरको विद्युत् निर्यात गरी विदेशी मुद्रा आर्जन गरिरहेको र थप आयोजनाको विद्युत् निर्यात स्वीकृति प्राप्त गर्न राजनीतिक तथा कूटनीतिक प्रयास भइरहेको जानकारी दिए । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्नाथ पौडेलले नेपालको विद्युत्को आन्तरिक खपत बढाउन र निर्यात गर्नका लागि विद्युत् उत्पादन, प्रशारण र वितरणको लागतलाई घटाउन आवश्यक रहेको बताउँदै यी तीनै क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउनुपर्नेमा जोड दिए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारी र जल तथा शक्ति आयोगकको सचिवालयका सचिव दिनेश घिमिरेले विद्युत्को आन्तरिक खपतमा वृद्धि र विद्युत् निर्यातबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने भएकाले बढीभन्दा बढी विद्युत् उत्पादन र प्रसारण लाइनको विस्तारमा जोड दिनुपर्ने बताए । नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले विद्युत् व्यापारबाट प्राधिकरणले छोटो समयमै राम्रो आम्दानी गर्न सकेको् तथ्याङ्क प्रस्तुत गर्दै आन्तरिक रुपमा विद्युत्को खपत बढाउन विद्युतीय सवारी साधनको प्रयोग, विद्युतीय भान्छा र उद्योगधन्दामा विद्युत्को खपत बढाउनुपर्नेमा जोड दिए ।

सो अवसरमा डा. रामप्रसाद धिताल र मनोज खड्काले 'अन्तर देशीय ऊर्जा व्यापारसँगै खुला पहुँच र प्रसारणको मूल्य' विषयक कार्यपत्र प्रस्तुत गर्दै अन्तरदेशीय ऊर्जा व्यापार सँगै खुला पहुँच र प्रसारणको मूल्य निर्धारणका सैद्धान्तिक पक्ष र नेपालको सन्दर्भमा उपयुक्त ढाँचाका बारेमा प्रकाश परेको थियो ।

सो प्रस्तुतीकरणमाथि विद्युत् नियमन आयोगका सचिव गोकर्णराज पन्थ, वित्तीय क्षेत्र दिगो कार्यक्रमका टोली प्रमुख सूर्यप्रसाद आचार्य, राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत डा. नेत्र ज्ञवाली र आइआइडिएस संस्थाका कार्यकारी निर्देशक डा. विश्वास गौचनले पनि विभिन्न धारणा राखेको थियो । सेजोनका अध्यक्ष जनार्दन बराल र महासचिव भागवत भट्टराईले विद्युत्को आन्तरिक खपत बढाउन र अन्तरदेशीय विद्युत् व्यापारलाई विस्तार गर्न सरकार र निजी क्षेत्रबाट गरिनुपर्ने पहलका बारेमा बोलेको थियो ।

## बिरामीलाई रगत नि:शुल्क

वीरगञ्ज, १५ साउन (रासस)/ पर्साको वीरगञ्ज महानगरपालिका-१० ले बिरामीलाई आवश्यक पर्ने रगत नि:शुल्क रुपमा उपलब्ध गराउने भएकोछ । बिरामीलाई आवश्यक पर्ने रगत नि:शुल्क उपलब्ध गराउन वडा कार्यालय र रक्तसञ्चार केन्द्र, वीरगञ्जबीच सम्झौता भएको छ ।

विपन्न नागरिक बिरामी हुँदा रगत अभाव नहोस् भनेर रक्तसञ्चार केन्द्रसँग सम्झौता गरिएको वीरगञ्ज-१० का वडाअध्यक्ष साह कानुले बताए । उनका अनुसार वडाले नि:शुल्क रगत सेवाका लागि चालु आर्थिक वर्ष २०७९/८० मा तीन लाख बजेट छुट्याएको छ । वडाध्यक्ष कानुले नेपाल रेडक्रस सोसाइटी पर्साका मन्त्री शैलेन्द्र चौरसियालाई पहलो चरणमा एक लाखको चेक हस्तान्तरण गरे ।

वीरगञ्जस्थित रक्तसञ्चार केन्द्रले एक युनिट रगतको एक हजार ५० सेवा शुल्क लिने गरेको छ । तर वडा नम्बर १० का बासिन्दाले वडा कार्यालयबाट सिफारिस लिएर गएमा नि:शुल्क रगत प्राप्त गर्ने वडा कार्यालयले जनाएको छ ।

# चन्द्रागिरिमा 'घरदैलो नर्स सेवा'



काठमाडौँ, १५ साउन (रासस)/ चन्द्रागिरि नगरपालिकाले नगरवासीको स्वास्थ्यलाई ख्याल गर्दै आफ्ना सबै वडामा 'घरदैलो नर्स सेवा' सञ्चालन गर्ने तयारी गरेको छ । सो सेवाले विशेषगरी ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती, फरक क्षमता भएका (अपाङ्ग) तथा विपन्नलाई सहजरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग मिल्ने जनाइएको छ ।

नगरप्रमुख घनश्याम गिरीले भने, "यसै वर्षदेखि नगरका १५ वटै वडामा 'घरदैलो नर्स सेवा' थालनी हुने छ । ज्येष्ठ नागरिकको नि:शुल्क स्वास्थ्य परीक्षण गरी मधुमेह र उच्च रक्तचापको नि:शुल्क औषधि उपलब्ध गराउने छौँ । सबै वडाका स्वास्थ्य संस्थाले ज्येष्ठ नागरिकलाई घरमै सेवा पुऱ्याउने छन् ।"

स्वास्थ्य सेवा दिवसका उपलक्ष्यमा नगरपालिका, स्वास्थ्य शाखाद्वारा आयोजित कार्यक्रममा उनले यसै वर्षदेखि चन्द्रागिरि-४ थानकोट प्राथमिक अस्पतालमा 'डायलायसिस सेवा' सुरुआत गरिन लागेको जानकारी दिए । पन्ध्र शय्याको सो अस्पतालले प्रयोगशाला, आकस्मिक सेवा र बर्थिङ सेन्टरसहित सेवा प्रदान गरिराखेको छ । साथै अस्पताललले पछिल्लो समय विशेषज्ञ मुटुरोग सेवा, परिवार नियोजन सेवा, ज्येष्ठ नागरिक, विपन्न तथा फरक क्षमता (अपाङ्गता) भएकालाई नि:शुल्क सेवा प्रदान गरिराखेको छ ।

'डायलायसिस सेवा'ले मिर्गौलाका बिरामीलाई थप सहज हुने उनले बताए । नगर प्रमुख गिरीले भने, "स्वास्थ्यकर्मीको पारिश्रमिकमा एकरुपताका लागि यसै आर्थिक वर्षदेखि प्रक्रिया अगाडि बढाइने छ ।"

कार्यक्रममा वडा नं १५ का वडाध्यक्ष एवं सामाजिक समितिका संयोजक घनश्याम लुइँटेलले नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन नगरपालिकाले उच्च प्राथमिकता दिएको बताए । सो अवसरमा नगरपालिकाले १५ वटै वडाका स्वास्थ्य संस्थामा कार्यरत उत्कृष्ट स्वास्थ्यकर्मीलाई सम्मानसमेत गरेको थियो ।

# सार्वजनिक खरिद नियमावलीको बाह्रौं संशोधन सकारात्मक: निर्माण व्यवसायी

काठमाडौँ, १५ साउन (रासस)/ नेपाल निर्माण व्यवसायी महासंघ एसोसिएट समन्वय समितिको एघारौँ भेलामा निर्माण व्यवसायीले सार्वजनिक खरिद नियमावलीको बाह्रौं संशोधन सकारात्मक भएको बताएका छन् ।

कार्यक्रममा सहभागीले व्यवसायीमैत्री ऐन नियमका लागि निरन्तर खबरदारी आवश्यक भएको धारणा राखेका थिए । महासंघका मानार्थ सदस्यसमेत रहेका संघीय सांसद जीपछिरिङ लामा शेर्पाले निर्माण उद्योगको सुधारका लागि नियमावलीमा मात्र नभइ ऐनमै संशोधन आवश्यक रहेको टिप्पणी गरे ।

निर्माण उद्योगलाई समृद्ध बनाउन निर्माण व्यवसायीका साथै कर्मचारी पनि उत्तिकै जिम्मेवार हुनुपर्ने उनले बताए । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले सार्वजनिक खरिद नियमावलीको बाह्रौं संशोधन आएसँगै संकटमा रहेको निर्माण उद्योगलाई राहत मिलेको बताए ।

"निर्माण उद्योगप्रति रहेको नकारात्मक प्रभाव चिर्दै यस पेसालाई सम्मानित बनाउने दायित्व व्यवसायीको काँधमा आएको छ", अध्यक्ष सिंहले भने । समृद्धिका सारथी निर्माण व्यवसायीबिना भौतिक पूर्वाधारको विकास विस्तारले गति लिन नसक्ने उनको भनाइ थियो । महासंघका निर्वतमान अध्यक्ष विष्णुभाइ श्रेष्ठले निर्माण उद्योगको विकासबाट मात्र देशको समृद्धि सम्भव भएको धारणा राखे । महासंघका वरिष्ठ उपाध्यक्ष आङदोर्जी लामा (एडी)ले व्यवसायीलाई आफ्नो क्षमता अनुसारको मात्र काम गर्न सुझाव दिए ।

महासंघका महासचिव रोशन दाहालले विदेशीले जिम्मा लिएका नेपालका निर्माण परियोजनाको हालत अत्यन्त खराब रहेको बताए । विदेशी निर्माण व्यवसायीको तुलनामा नेपाली व्यवसायीले नै राम्रो काम गरेको उनको दाबी थियो । महासंघका उपाध्यक्ष समेत रहेका एसोसिएट समन्वय समितिका संयोजक रामजी पन्तले २५ लाखभन्दा बढीलाई रोजगारी दिएको निर्माण उद्योग चलायमान भए मात्र देशको अर्थतन्त्र मजबुत हुनसक्ने तर्क गरे । निर्माण व्यवसाय प्रबर्द्धन तथा व्यवस्थापन कार्यान्वयन समितिका अध्यक्ष शिवप्रसाद नेपालले निर्माण व्यवसायीले गरेका राम्रा कामको प्रचारप्रसार हुन नसकेको बताए ।

मुलुकमै निर्माण सामग्रीको उद्योग स्थापना गर्न व्यवसायीलाई उनले सुझाव दिए । कार्यक्रममा निर्माण व्यवसायी पूर्णबहादुर तामाङ, सुवित श्रेष्ठ, छत्र लामा, शिवहरि घिमिरे लगायतले निर्माण व्यवसायीका समस्याबारे चर्चा गरेको थियो । महासंघको विधानबमोजिम एसोसिएट उपाध्यक्ष स्वत: एसोसिएट समन्वय समितिको संयोजक रहने प्रावधानअनुसार भेलाले समितिको सहसंयोजक सहितको कार्यसमिति निर्विरोध चयन गरेको छ । सोअनुसार सहसंयोजकमा एनसी शेर्पा, भाइराजा श्रेष्ठ र रमेश अधिकारीलाई निर्विरोध चयन गरिएको छ ।

सचिवद्वयमा नवराज श्रेष्ठ र मोहन कार्की निर्विरोध भएको छ । उपसचिव माधवप्रसाद आचार्य चयन भएको छ । कोषाध्यक्ष र सहकोषाध्यक्षमा क्रमश: लक्ष्मी कार्की र कृष्णहरि चौलागाईं चयन भएको जनाइएको छ । सदस्यमा निर्विरोध चयन हुनेमा कुमारध्वज कार्की, उमेशध्वज थापा, गोकर्ण राउत, अनिल सिलवाल, खड्गबहादुर बुढाथोकी, कुमारप्रसाद गौतम र सूर्य अधिकारी रहेको छ ।

सल्लाहकारमा सोम प्रसाईं, विनोद्द भट्टराई र केशव त्वानावसु चयन भएकोजनाइएकोछ । भेलामा महासंघको कार्यसमितिमा एसोसिएटको प्रतिनिधित्व गर्दै विजयी निर्माण व्यवसायीलाई सम्मान गरिएको थियो ।

# प्रेस युनियनद्वारा विधेयक फिर्ता लिन माग




काठमाडौँ, १५ साउन (रासस)/ लोकतन्त्रवादी पत्रकारको छाता संस्था नेपाल प्रेस युनियनले पूर्ववर्ती सरकारले संसद्मा पेश गरेका प्रेस स्वतन्त्रता कुण्ठित गर्ने विधेयक फिर्ता लिन सरकारसँग माग गरेको छ ।

यही साउन ६ र ७ गते मकवानपुरको हेटौँडामा सम्पन्न युनियनको नवौँ महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय कार्यसमितिको पहिलो बैठकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न र आम सञ्चार छाता ऐन निर्माण गर्नसमेत माग गरेको छ । काठमाडौँमा सम्पन्न केन्द्रीय समिति बैठकले श्रमजीवी ऐन पूर्णरुपमा कार्यान्वयन गर्न सरकार र सञ्चार प्रतिष्ठानको ध्यानाकर्षण गराउने निर्णय गरेको महासचिव दिलीप पौडेलले जानकारी दिए ।

यसैगरी बैठकले युनियनको हालै संशोधित विधानअनुसार नयाँ विनियमावली बनाउन केन्द्रीय उपाध्यक्ष भीष्मराज ओझाको संयोजकत्वमा पाँच सदस्यीय 'विनियमावली मस्यौदा तयारी समिति' गठन गर्ने निर्णय गरेको उनले बताए । बैठकले नवौँ महाधिवेशन सम्पन्न गरेर नेतृत्व हस्तान्तरण गर्ने निवर्तमान अध्यक्ष बद्री सिग्देल नेतृत्वको केन्द्रीय कार्य समितिसहित महाधिवेशन सम्पन्न गर्न सघाउने नेपाल प्रेस युनियनको मकवानपुर शाखा, देशभरका प्रेस युनियनकर्मी, निर्वाचन समिति, नेपाली कांग्रेसलगायत प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेको छ । बैठकले नवौँ महाधिवेशनबाट नेतृत्वमा आउने नवनिर्वाचित केन्द्रीय समितिलाई बधाई ज्ञापन गर्दै नेतृत्व चयनको लोकतान्त्रिक प्रक्रियामा सहभागी हुनेलाई पनि यथोचित सम्मान व्यक्त गरेको छ ।

नवनिर्वाचित अध्यक्ष शिव लम्सालको अध्यक्षतामा सम्पन्न बैठकले पत्रकारको तोकिएको न्यूनतम् पारिश्रमिक समयमै प्रदान गर्न सञ्चार प्रतिष्ठानलाई आग्रह गर्दै अहिलेको न्यूनतम् पारिश्रमिक वृद्धि गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

पत्रकारको ट्रेड युनियन अधिकार सुनिश्चित गर्ने, विभिन्न बहानामा सञ्चार माध्यमबाट निष्कासनमा परेका पत्रकारको पुन:बहाली गर्न सम्बन्धित सञ्चार गृहको ध्यानाकर्षण गर्ने युनियनको निर्णय छ । युनियनले हेटौँडा महाधिवेशनबाट लम्सालको अध्यक्षतामा एक सय १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

विसं २०४८ मा स्थापित युनियनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, ट्रेड युनियन अधिकार, श्रमजीवी पत्रकारको हकहित तथा क्षमता विकासका क्षेत्रमा काम गर्दै आएको छ । युनियन विश्वभरका पत्रकारको साझा संस्था अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे)को नेपालबाट सदस्यता प्राप्त गर्ने पहिलो संस्था हो ।

# नेप्से परिसूचकमा उच्च अंकको वृद्धि

काठमाडौँ, १५ साउन (रासस)/ धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि उच्च अंकले उकालो लागेको छ । शेयर कारोबार हुने साताको पहिलो दिन आइतबार नेप्से परिसूचक ५४.५८ अंकले उकालो लागेर दुई हजार १९५.१० मा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ९.७२ अंकले ओरालो लागेर ४१९.२० मा पुगेको छ । नेप्सेको उकालो यात्रासँगै कारोबार रकमसमेत उकालो लागेको छ । कूल २२० कम्पनीको एक करोड १३ लाख ३९ हजार ४७६ कित्ता शेयर रु चार अर्ब ६० करोड ९७ लाख ९१ हजार २७२ मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये आइबार वित्त क्षेत्रको शेयर मूल्यमा ३१.९३ अंकले गिरावट भयो । बाँकी १२ उपसमूहको शेयर मूल्य भने उकालो लाग्यो । नेप्सेका अनुसार बैंकिङ ४०.६२, व्यापार ७५.२८, होटल तथा पर्यटन ८०.१९, विकास बैंक ३१.५७, जलविद्युत् २०.४३, निर्जीवन बीमा ३७४.०८, उत्पादन ९८.४३, अन्य ५२.७७, लघुवित्त ५४.२६, जीवन बीमा ४१२.८९, सामूहिक लगानी कोष ०.११ र लगानी ३.३७ अंकले उकालो लागेको छ ।

आइतबारको कारोबार पछि बजार पुँजीकरण ३१ खर्ब ३४ अर्ब ४७ करोड आठ लाख ९९ हजार ७७२ बराबर पुगेको छ । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको २१ करोड ३४ लाख १६ हजार ८६० बराबरको कारोबार भयो ।

यस्तै, नेपाल दूरसञ्चार कम्पनी १५ करोड २३ लाख २० हजार ४८५, एशियन लाइफ इन्स्योरेन्स ११ करोड ५४ लाख ७४ हजार ५००, हिमालयन डिस्टिलरी १० करोड ३७ लाख ७३ हजार ४०२ र नेशनल हाइड्रोपावर कम्पनी नौ करोड ७९ लाख १३ हजार २४८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार आजको कारोबारका विभिन्न आठ कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । ती कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भएको हो । ती कम्पनीमा नेपाल इन्स्योरेन्स, नेको इन्स्योरेन्स, आइएमई जनरल इन्स्योरेन्स, प्रडेन्सियल इन्स्योरेन्स, एनएलजी इन्स्योरेन्स, युनाइटेड इदी मर्दी आरबी आइड्रोपावर, स्वाभिमान लघुवित्त र युनाइटेड इन्स्योरेन्स कम्पनी छन् ।

त्यस्तै, गुडबिल फाइनान्सको ऋणपत्र ३.९४, नेशनल हाइड्रोपावर ३.३०, मल्टिप्रपोज फाइनान्स कम्पनी ३.१२, नबिल ब्यालेन्स फण्ड ३.०३ र सिन्धु विकास बैंकका लगानीकर्ताले २.९४ प्रतिशतले गुमाएका छन् ।

# अर्थमन्त्रीमा पुन:शर्मा नियुक्त



काठमाडौँ, १५ साउन (रासस)/ राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा जनार्दन शर्मालाई आइतबार अर्थमन्त्री पदमा नियुक्त गरेको छ ।

उनले आइतबारै शर्मालाई मन्त्रीमा नियुक्त गरी हाल प्रधानमन्त्रीले सम्हाली आएको अर्थ मन्त्रालयको कार्यभार सम्हाल्ने गरी कार्यभार तोकेको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

प्रधानमन्त्री देउवाको नेतृत्वमा २०७८ साल असार २९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्रीको सिफारिसमा शर्मालाई नियुक्त गरेको राष्ट्रपतिको कार्यालयका प्रवक्ता सागर आचार्यद्वारा आइतबार जारी विज्ञप्तिमा जनाइएको छ ।

बजेट निर्माण गर्दा अनधिकृत व्यक्तिको संलग्नतामा राजस्वका दर हेरफेर गरेको समाचार सार्वजनिक भएपछि विवाद उत्पन्न हुँदा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले गत असार २२ गते पदबाट राजिनामा दिएको थियो ।

सो विषयमा छानविन गर्न गठित संसदीय समितिले बजेट निर्माणमा अनधिकृत व्यक्ति संलग्न भएको प्रमाण नभेटिएको प्रतिवेदन संसदलाई बुझाएको थियो । त्यसपछि शर्मालाई आज पुन: मन्त्री पदमा नियुक्त गरिएको हो ।

# गृहमन्त्री खाणद्वारा खोटाङ भूकम्पबारे जानकारी



काठमाडौँ, १५ साउन (रासस)/ गृहमन्त्री बालकृष्ण खाणले आइतबार बिहान खोटाङमा गएको ६ रेक्टर स्केलको भूकम्प, त्यसबाट भएको क्षति र सरकारले गर्नुपर्ने उद्धारबारे सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका प्रमुखसँग जानकारी लिएको छ ।

गृहमन्त्री खाणले खोटाङका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, भोजपुरका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरे, प्रदेश १ का प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक सुदीप गिरी र सशस्त्र प्रहरी बलका प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक कमल गिरीलाई टेलिफोन गरी भूकम्पको क्षति र गर्नुपर्ने उद्धारबारे जानकारी लिएको हो । उनले प्रभावित भएका भए उचित व्यवस्थापन गर्न तथा जिल्ला र प्रदेशको स्रोतसाधनले नपुगेमा केन्द्रमा जानकारी गराउन निर्देशन दिएको छ । खोटाङका प्रमुख जिल्ला अधिकारी सेढाईंका अनुसार जिल्लाको मार्तिमविर्ता केन्द्र बनाएर भूकम्प गएको थियो । भूकम्पबाट साकेला गाउँपालिका-५ वृष्टिका विकास कटुवालको ढुङ्गाको घर, डाडागाउँका प्रकाश प्रधान, हलेसी तुवाचुङ नगरपालिका-९ सल्लेका ध्रुव पौडेल र सोही नगरपालिका-७ का सयङ्खुका गङ्गा राईको घरमा क्षति पुगेको छ ।

गृहमन्त्रालयका अनुसार अहिलेसम्म क्षतिको पूर्ण विवरण आएको छैन । सूचना प्राप्त हुनासाथ परिचालित हुने गरी नेपाली सेना, प्रहरी र विपद् व्यवस्थापनको टोली तयारी अवस्थामा राखिएको प्रजिअ सेढाईंले जानकारी दिएको गृहमन्त्री खाणको सचिवालयले जनाएको छ ।

# प्रभावकारी काम गर्न अध्यक्ष ओलीको निर्देशन



काठमाडौँ, १५ साउन (रासस)/ नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीका गतिविधिलाई प्रभावकारीरुपमा सञ्चालन गर्न केन्द्रीय विभागलाई निर्देशन दिएको छ ।

एमालेको केन्द्रीय कार्यालय, च्यासलमा आयोजित केन्द्रीय विभागका प्रमुख, उपप्रमुख र सचिवहरुको बैठकमा अध्यक्ष ओलीले कार्ययोजना तयार गरी पार्टीसँग समन्वय गरेर आफ्नो विभागको कार्यक्षेत्रमा केन्द्रित भएर लाग्न तथा सरकारका गलत कामको विरोध र जनताका वास्तविक समस्यामा ध्यान दिन निर्देशन दिए ।

च्यासलस्थित पार्टी मुख्यालयमा बसेको बैठकमा पार्टीका विभिन्न ३३ विभागका प्रमुख, उपप्रमुख र सचिवहरु सहभागी रहेको केन्द्रीय प्रचार विभाग उपप्रमुख विष्णु रिजालले जानकारी दिए ।

# हिमाल दोलखाको शेयर कारोबारमा रोक

काठमाडौँ, १५ साउन (रासस)/ नेपाल स्टक एक्सचेञ्जले हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर कारोबारमा रोक लगाएको छ ।

नेप्सेले शेयर धनीलाई उपलब्ध गराउने भनेको हकप्रद शेयरका सम्बन्धमा जानकारी गराउने प्रक्रिया र विधि नमिलेको तथा कारोबार समयमा नै उक्त जानकारी दिएको भन्दै तीन दिनभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ । नेप्सेको कारोबार समयभित्र सञ्चालक समितिको बैठकले आफ्ना शेयरधनीलाई हकप्रद शेयर दिने प्रस्ताव गरेको हो ? भन्ने प्रश्न राख्दै तीन दिनभित्र के कति कारणले त्यस्तो भएको हो भन्नेबारेमा जानकारी गराउन निर्देशन दिएको छ ।

सो कम्पनीले सर्वसाधारणलाई सूचनाको पहुँचबाट वञ्चित गराई शेयर मूल्यमा प्रभाव पारेको देखिन आएको जनाएको छ ।

# बढ्यो सुनको मूल्य



काठमाडौँ, १५ साउन (रासस)/ सुनचाँदी बजारमा साताको पहिलो कारोबारको दिन आइतबार छापावाल सुनको मूल्य प्रतितोला ९५ हजार ८०० तोकिएको छ । अघिल्लो दिन प्रतितोला ९५ हजार ६०० मा कारोबार भएको पहैंलो धातुको मूल्य प्रतितोला २०० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणानुसार आइतबार तेजाबी सुनको मूल्य प्रतितोला ९५ हजार ३०० छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला ९५ हजार १०० थियो ।

त्यस्तै आइतबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला १० ले बढेर एक हजार २३० तोकिएको छ । महासंघले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यको तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# उपमहानगरको तालिमले कपडा उत्पादन गर्दै महिला

साझाकुरा संवाददाता




हेटौंडा, १५ साउन/ सरकारी निकायहरुले दिँदै आएका सीप विकास सम्बन्धि तालिमलाई व्यवहारमा उतार्न नसक्दा त्यसको प्रभावकारितामै प्रश्न चिन्ह खडा हुने गरेको प्रशस्तै देखिन्छ ।

अझै, सरकारी निकायले दिने तालिम भाषणमै सीमित हुने गरेको आरोप लाग्दै आएको छ । तर, हेटौंडा उपमहानगरपालिकाले दिएको एउटा तालिम जसले ११ महिलाहरुलाई उद्यमशील बनाएको पाइएको छ । उपमहानगरले दिएको ढाकाको कपडा उत्पादन गर्ने तालिम तालिममा मात्रै सीमित नभई महिलाहरुले व्यवहारमै प्रभावकारीसँग उतार्न सफल भएको पाइएको हो । तालिमको प्रभावकारिता बारे आइतबार अनुगमन गर्दा महिलाहरु ढाकाको कपडा उत्पादन गर्न समक्षम रहेको पाइएको छ । कपडाको व्यवसायमा मंहगो मानिने ढाकाको उत्पादनमा हेटौंडाका महिलाहरु जोडिएका हुन् ।

उपमहानगरपालिकाले हेटौंडा, १५, १७ र १८ नम्बरका ११ जना महिलाहरुलाई ढाकाको कपडा तथा अन्य सामग्री उत्पादनको लागि एड्भान्स तालिम दिएको हो । उनीहरुले तालिम दौराहन ढाकाको धागोमार्फत सल, पछ्यौरा, साडी, हाते व्याग कुर्ता र खादा जस्ता सामग्रीहरु उत्पादन थालेका छन् । हेटौंडा उपमहानगर पालिकाले प्रदान गरेकोएड्भान्स ढाकाको कपडा बुनाई तालिममार्फत पोख्त बन्दै गरेका नगरभित्रका महिलाहरु ढाकाको कपडा उत्पादनमा जोडिएका छन् ।

उपमहनगरको सहकार्यमा गरिवी निवारणका लागि लधु उद्यम बिकास कार्यक्रम (मेड्पा) बाट दुई महिने ढाकाको कपडा बुनाई सम्बन्धी बेसिक तालिम लिएकालाई उपमहानगरपालिकाले आफ्नै लगानीमा एड्भान्स तालिम दिएसँगै हेटौंडाका महिलाहरु ढाकाको कपडा उत्पादनमा सक्षम देखिएका हुन् । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिनाकुमारी लामासहितको टोलीले आइतबार तालिमको अनुगमन गरेको थियो । प्रशिक्षणको क्रममा रहेकाहरुले आफैले उत्पादन गरेको ढाकाको सलले अनुगमन टोलीलाई स्वागत गरेका थिए । करिब ३ लाख रुपैयाँको लगानिमा उपमहानगरले तिन वटा वडामा रहेका ११ जना महिलाहरुलाई एड्भान्स तालिम दिँदै आएको छ ।

तालिम साउन २१ गते सम्म सञ्चालन हुने हेटौंडा उपमहानगरपाकिला आर्थिक विकास महाशाखाका प्रमुख गंगा चौलागाईले बताइन् । अहिले तालिमको क्रममै सहभागीले निकै महंगो मुल्यका सामानहरु उत्पादन गर्ने थालेको उनले बताइन् । सहभागीलाई १२ वटा तानमार्फत ढाकाका बिभिन्न सामान उत्पादन गर्नका लागि सिन्धुलीका बेलिमाया जिनेल मगर उनको सहयोगीले प्रशिक्षण दिइरहेका छन् । तालिमको अनुगमन गर्दै हेटौंडा उपमहानगरपालिकाका प्रमुख लामाले तालिम पछि ढाकाको कपडा तथा अन्य सामग्रीको उत्पादनमा जोडिँदै आर्थिक उपार्जनमा लाग्न आग्रह गरेकी छन् ।

उनले संधै परिवारको ऋण बोक्ने मात्र नभई उत्पादनसँग जोडिएर आफै सक्षम बन्ने कार्यमा लाग्न प्रोत्साहन गर्दै तालिम लिएका महिलाले बर्ष भरीमा धेरै उत्पादन र बिक्री गर्नेलाई सम्मान गरिने प्रतिबद्धता जनाएकी छन् ।

अनुगमनका क्रममा हेटौंडा १८ का अध्यक्ष अनिल बानियाँले तालिमको नाममा तालिम मात्र दिने नभई प्रयोगमा ल्याउँदै आर्थिक पाटोमा जोडिन आग्रह गरे । तालिम भनेपछि हरेक ठाउँमा जाने व्यवहारलाई त्यागेर दिगो र व्यवस्थित ढंगबाट काम गर्नुपर्ने बानियाँको भनाइ छ । नगरपालिकाले महिलाहरुको आर्यआर्जनका लागि दिएको तालिम बालुवामा पानी हाले झैं नबनाउन वडाध्यक्ष बानियाँले सहभागीहरुलाई सुझाव दिए ।

# ॐ वृद्धाश्रममा खीर खाने कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ हेटौंडा-१ भिन्तुनापथस्थित पञ्चमूर्ति आयुर्वेद क्लिनिकले साउन १५ गते खीर खाने नेपाली चलनलाई आइतबार हेटौंडा-२ चौकीटोलस्थित ॐ वृद्धाश्रममा आयोजना गरेको छ ।

क्लिनिकले मकवानपुर उद्योग वाणिज्य संघ/महिला उद्यमी विकास समिति तथा महिला उद्यमी संघ नेपाल मकवानपुरको सहजीकरणमा वृद्धाश्रममा खीर खाने तथा ज्येष्ठ नागरिकलाई आयुर्वेद स्वास्थ्यसम्बन्धी निःशुल्क शिविर सञ्चालन गरेको हो ।

महिला उद्यमी विकास समिति सभापति अंकिता सुमार्गीको सभाध्यक्षता तथा आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा मउवा संघका पूर्वअध्यक्ष तथा प्रदेशको सदस्य उत्तम शर्माढकाल, समितिका पूर्वसभापति तथा सल्लाहकार देवकुमारी ढकाल, संघ नेपालका अध्यक्ष तथा महिला उद्यमी विकास समितिका पूर्वसभापति सरिद्धि श्रेष्ठ, कार्यसमिति सदस्य सीता भेटवाल, क्लिनिकका डा. नितेशकुमार गिरी, उपसभापति मुना पाठकलगायतको सहभागिता थियो ।

समितिका सचिव रिना गौतमले सञ्चालन गरेको कार्यक्रममा आश्रममा आश्रित बृद्धहरूको उपस्थितिमा खीर खाएर स्वास्थ्य परीक्षण गरी रोगसम्बम्धी औषधि निःशुल्क वितरण गर्दा वृद्धहरु हर्षित भएका थिए ।

# म्यानेजमेन्टको व्यापार प्रवर्द्धन केन्द्रको उद्घाटन




हेटौंडा, १५ साउन/ हेटौंडा स्कूल अफ म्यानेजमेन्टको व्यापार प्रवर्द्धन केन्द्रको उद्घाटन भएको छ ।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाले आइतबार व्यापार प्रवर्द्धन केन्द्रको उद्घाटन गरेकी हुन् । कार्यक्रमको उद्घाटन गर्दै उपमहानगर प्रमुख लामाले व्यापार प्रवर्द्धन केन्द्रले सफल व्यवसायी उत्पादन गर्न सकोस् भन्ने शुभकामना दिइन् । उनले व्यापार प्रवर्द्धन केन्द्र उपमहानगरपालिकाको सम्पत्ती हुने पति बताइन् ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरन बहादुर जोशीले विद्यार्थीको रिजल्ट कस्तो आयो भन्दा पनि त्यसको प्रयोग कहाँ भयो भनी सोच्नुपर्ने बताए । जोशीले विद्यार्थीहरुलाई उद्यमी बन्न प्रेरित गर्न व्यापार प्रवर्द्धन केन्द्रको स्थापना गरेको बताए । हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सको व्यवस्थापन समितिका अध्यक्ष देव प्रसाद श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँ, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुरकी प्रमुख टिका शर्मा, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र हेटौंडाका प्रमुख युवराज गुरुङ, उद्योग संघ मकवानपुरका निवर्तमान अध्यक्ष लेखराज पोखरेल, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख शंकर प्रसाद उपाध्याय, हेटौंडा क्याम्पसका प्रमुख देवचन्द्र मानन्धर, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्वल चौलागाईलगायतको आतिथ्यता रहेको थियो ।

# भीमफेदीमा मनाइयो कोदो दिवस

साझाकुरा संवाददाता



हेटौंडा, १५ साउन/ भीमफेदी गाउँपालिकामा 'कोदोको योगदान, खाद्य तथा पोषण सुरक्षामा बरदान' भन्ने नाराका साथ दोश्रो कोदो दिवस मनाइएको छ ।

राष्ट्रिय कृषक समूह महासंघको आयोजना तथा अनाज नेपाल र छवेली कृषक समूहको सहकार्यमा भीमफेदी-५ छबेलीमा कोदो दिवस मनाइएको हो । भीमफेदीको छबेलीमा स्थानीयले हरेक वर्ष व्यवसायिक रुपमा कोदो उत्पादन गर्दै आएका छन् ।

मकवानपुरका अधिकांश पहाडी क्षेत्रमा विगतका वर्षमा कोदो उत्पादन हुने गरेको थियो भने हाल कोदो उत्पादन घटेको छ । पहाडी क्षेत्रका स्थानीय कृषकहरुले जग्गा बाँझै राख्ने समस्याका कारण कोदो उत्पादनमा गिरावट आउने गरेको कृषि प्राविधिकहरु बताउँछन् । मकवानपुरको कैलाश, भीमफेदी, मकवानपुरगढीमा धेरै कोदो उत्पादन हुने गर्दछ ।

राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेतको सभाध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय समावेशी आयोगका सदस्य विष्णु ओझाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्य तथा प्रवक्ता जिवन्ती पौडेल, भीमफेदी-५ का वडाध्यक्ष जहार सिं लामा, वडा नम्बर ६ का वडाध्यक्ष सोमबहादुर घलान, महासंघका संस्थापक अध्यक्ष उद्धव अधिकारी, अनाज नेपालका प्रतिनिधिलगायतको उपस्थिति थियो ।

कार्यक्रममा कोदो खेती यसको महत्व र उपयोगिताको विषयमा कृषि विज्ञ छवि पौडेलले जानकारी गराएका थिए । कोदो दिवसको अवसरमा मकवानपुरगढी गाउँपालिकाले कोदो खेती प्रवर्द्धन र विविधिकरणको क्षेत्रमा गरेको प्रयासहरुको विषयमा गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी गराएका थिए । महासंघका महासचिव रिता बस्ताकोटीले संचालन गरेको कार्यक्रममा छवेली कृषक समूहका सदस्य दिपक पुडासैनीले स्वागत मन्तव्य व्यक्त गरेका छन् ।

# बाल विद्या सदनमा विद्यालय सञ्चालन प्रणाली सम्बन्धी प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ मकवानपुर बाल विद्या सदनले विद्यालय सञ्चालन प्रणाली सम्बन्धी एक दिने कार्यशाला तथा कप्तान प्रशिक्षण कार्यक्रम गरेको छ ।

कार्यक्रममा विद्यालय सञ्चालनको १० प्रणालीहरुको बारेमा छलफल भएको थियो ।

विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुको उपस्थितिमा भएको कार्यक्रममा विद्यालयले तयार पारेको विद्यालय सञ्चालनसम्बन्धी १० प्रणालीहरुको बारेमा छलफल गरिएको हो । कार्य सञ्चालनमा स्पष्टता र सहजता ल्याउने उद्देश्यले कार्यशालाको आयोजना गरिएको विद्यालयका सह-प्रधानाध्यापक प्रशान्तराज गिरीले बताए ।

कार्यक्रममा विभिन्न विषयका विभाग गठन गर्नुका साथै विभाग प्रमुख र तह संयोजकहरु समेत चुनिएको छ ।

पूर्व प्राथमिक तह संयोजकमा ज्योति दाहाल, प्रावि तह संयोजकमा सुस्मिता श्रेष्ठ, आधारभुत तह संयोग तथा नेपाली विभाग प्रमुखमा विधान आचार्य, मावि तह संयोजक तथा विज्ञान विषय प्रमुखमा प्रशान्तराज गिरी, अंग्रेजी विभाग प्रमुख तथा अतिरिक्त क्रियाकलाप संयोजकमा सिर्जना थापा मगर, परीक्षा संयोजक तथा गणित विषय प्रमुखमा विद्या गिरी तथा सामाजिक विषय प्रमुखमा सुदिपराज गिरी चयन भएका छन् ।

कार्यक्रममा विधान आचार्यले अनुशासन, सुस्मिता श्रेष्ठले बैठक व्यवस्थापन, सिर्जना थापा मगरले जिम्मेवारीको महत्व तथा सुदिपराज गिरीले कार्य व्यवस्थापन र व्यक्तित्व विकास सम्बन्धी प्रशिक्षण प्रदान गरेका थिए ।

# आधुनिकले निकाल्यो विजय ऱ्याली

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले एसइईमा राम्रो नतीजा हासिल गरेको खुसियालीमा विजय ऱ्याली निकालेको छ ।

विद्यालयले आफ्नो विद्यालयबाट परीक्षा दिएका विद्यार्थीहरुले राम्रो नतिजा हासिल गरेको भन्दै विजय ऱ्याली निकालेको हो । आधुनिक माविबाट परीक्षा दिएका ३ सय ३८ जना विद्यार्थीमध्ये १८ जनाले ३ दशमलव ६५ भन्दा बढी जीपीए प्राप्ताङ्ग प्राप्त गरेका छन् । एसइईमा सहभागी विद्यार्थीमध्ये पनि ऋषि यादवले सबैभन्दा बढी ३ दशमलव ९० जीपीए प्राप्त गरेका छन् । उत्कृष्ट हुने विद्यार्थी ऋषि यादवसँगै उत्तीर्ण हुने सबै विद्यार्थी, विद्यालयका शिक्षक, कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकको सहभागितामा विद्यालयबाट सुरु भएको विजय ऱ्याली कान्तिराजपथ हुँदै मेनरोड परिक्रमा गरी विद्यालयमै फर्किएको थियो । आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय शैक्षिक गतिविधिमा उत्कृष्ट रहदै आएको छ ।

# विपन्न महिलाहरुको जीवनस्तर उकास्न बाख्राका पाठा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १५ साउन/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिका-९ खैराङको तिरलिङका विपन्न परिवारलाई उन्नत जातको बाख्राको पाठा वितरण गरिएको छ ।

महिला सशक्तीकरण तथा गरिबी निवारण समूह नेपालले सयुक्त राष्ट्र संघ विकास कार्यक्रमको आर्थिक सहयोगमा तिरलिङका २० परिवारलाई ५/५ वटाको दरले बाख्रा सहयोग गरेको छ । बाख्राबाट आर्थिक आयआर्जनमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय विपन्न महिलालाई बाख्रा पालनका लागि पाठा दिइएको समूहकी अध्यक्ष इन्दिरा न्यौपानेले बताएकी छन् । स्थानीय चेपाङ तथा तमाङ समुदायमा बाख्रा पालनले जीविकोपार्जन गर्न सहज हुने भन्दै स्थानीय सुन्तली चेपाङले सहयोग गरेकोमा खुशी व्यक्त गरिन् । बाख्राबाट उत्पादन हुने पाठापाठीमार्फत आर्थिक स्तर बढाउन सकिने उनको विश्वास छ ।

एउटा बाख्रा किन्न पैसा नभएको गुनासो गरेकी चेपाङले ५ वटा पाउँदा ठूलो सहयोग मिलेको बताइन् । बाख्रा वितरण कार्यक्रममा कृषि प्राविधिक भिमप्रसाद दाहालले बाख्राको स्वास्थ्यमा हेरचाह गर्दा ध्यान दिनुपर्ने बताए । उनले बाख्राको राम्रो स्याहारसुहार गरेर अरु बाख्रा बढाउनु पर्ने भन्दै बाख्रापालनमा व्यवसायिक बने आयआर्जन बढाउन सकिने महिलालाई सुझाव दिए । राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ले स्थानीय महिलाहरुलाई बाख्रा पालनमा व्यवसायी भन्न केही समय लाग्ने बताए । उनले निश्चित समयसम्म बाख्रा पालनलाई निरन्तरा दिए राम्रो आयआर्जन गर्न सकिने बारे महिलाहरुलाई जानकारी गराएका थिए । बाख्रा पालनका लागि गाउँपालिकाले खोर निर्माण गरिदिने अध्यक्ष मल्लको प्रतिबद्धता छ । उनले महिलाहरुलाई आयआर्जनमा जोडाउन गाउँपालिकाले पनि विविध कार्य गरेको बताए ।

गरिबी उन्मुलन गर्दै महिलाहरुको अवस्थामा सुधार ल्याउन आफूहरुले काम गर्दै आएको अध्यक्ष न्यौपानेले बताइन् । आर्थिक सशक्तीकरणको समूहले विपन्न परिवारलाई फलफूल खेती, कुखुरा पालन तथा बाख्रा पालनमा सहयोग गर्दै आएको कार्यक्रम संयोजक सचित रिजालले बताए । बाख्रा वितरण कार्यक्रममा समूहका पशु प्राविधिक पवित्रा संजेल, लेखाशाखाका सुजन पौडेलसमेतको उपस्थिति थियो । बाख्राका पाठालिन राक्सिराङका महिलाहरु ८ घण्टासम्मको पैदल यात्रा गरेर कार्यक्रम स्थलसम्म आइपुगेका थिए । आयआर्जनमा जोड्न कुनै निकायले सहयोग गरे व्यवसायिक रुपमै लाग्ने स्थानीय महिलाहरुको भनाई थियो ।

हार्दिक बधाई तथा शुभकामना



यस विद्यालयबाट शैक्षिक सत्र २०७८ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा सम्मिलित ६१ बिद्यार्थीहरुमध्ये ८ जनाले A+, १९ जनाले A, २० जनाले B+ र १४ जनाले B ग्रेड ल्याउन सफल भएकोमा सम्पूर्ण विद्यार्थीहरुलाई बधाई ज्ञापन गर्दै समुज्वल भविष्यको कामना गर्दछौं ।

साथै उक्त सफलताको लागि आ-आफ्नो ठाउँबाट निरन्तर योगदान गर्ने सम्पूर्ण शिक्षक, कर्मचारी एवं अभिभावकहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै भविष्यमा अझ उत्कृष्ट उत्क्रिस्ट नतिजा प्राप्तिको महान उद्देश्य प्राप्तिमा यहाँहरूको साथ र सहयोग अझ बढी अपेक्षित रहेको जानकारी समेत गराउदछौं ।

हेटौंडा एकेडेमी

HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन ।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं ।
- पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरु हालेर शुद्धिकरण गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मकवानपुर बहुमुखी क्याम्पस

हेटौंडा-२, मकवानपुर

## सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०४/१६*

**सिलवन्दी दरभाउपत्र नम्बरः- १/२०७९/०८०**

१. यस मकवानपुर बहुमुखी क्याम्पस, हेटौडाको लागि चालु आ.ब. २०७९/०८० मा नेपाली प्रकाशनका केही आवश्यक पुस्तकहरु खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित बस्तु वा सेवा आपूर्ति गर्ने इजाजत पत्र प्राप्त फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही रीतपूर्वकको दरभाउपत्र आह्वान गरिएको छ ।
२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र निर्धारित मूल्य तिरी (पछि फिर्ता नहुने गरी) दरभाउपत्र फाराम राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, हेटौडामा रहेको यस क्याम्पसको चल्ती खाता नं. १३०००१३३००१ मा जम्मा गरेको रु १०००।- को बैंक भौचर संलग्न गरी यस क्याम्पसको स्टोर शाखाबाट खरिद गर्न सकिने छ । दरभाउपत्र फारमको साथमा आयकर दर्ता प्रमाण-पत्र, मू.अ.कर दर्ता प्रमाण-पत्र, संस्था दर्ता प्रमाण-पत्र र आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण-पत्रहरुको प्रतिलिपी वा आन्तरिक राजस्व कार्यालयले जारी गरेको म्याद थपको कागजात पेश गर्नु पर्नेछ । दरभाउपत्र साथ पेश गरिने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनु पर्नेछ ।
३. खरिद भएको दरभाउपत्र फारममा भर्नु पर्ने सबै पानाहरुमा स्पष्टसँग भरी, प्रत्येक पानामा सहिछाप गरी, खाम शिलवन्दी गरी, खाम बाहिर फर्मको नाम, ठेगाना, कामको बिवरण, दरभाउपत्र नम्बर लेखी यस कार्यालयलाई सम्बोधन गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएको दरभाउपत्र सोही दिन दिउँसो ठिक २:०० वजे दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
४. दरभाउपत्रमा बुँदागत रुपमा अंक र अक्षरमा दररेट स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएका विवरणहरु फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको दस्तखत हुनु पर्नेछ ।
५. दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।
६. दरभाउपत्र दाताले दरभाउपत्र जमानत वापत यस क्याम्पसको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, हेटौंडा शाखामा रहेको चल्ती खाता नं.१३०००१३३००१ मा रु. ५०,०००।- (अक्षरुपी पचास हजार) जम्मा गरेको सक्कलै बैंक भौचर वा नगदी रसिद वा वाणिज्य बैंकले जारी गरेको ७५ दिन म्याद भएको जमानत-पत्र दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।
७. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा वा कुनै कारणबस क्याम्पस बन्द भएमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
८. दरभाउपत्र पुरै वा आंशिक रुपमा, स्वीकार गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार मकवानपुर बहुमुखी क्याम्पसमा निहित रहनेछ ।
९. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।
१०. यस दरभाउपत्र सम्बन्धी थप केहि कुरा बुझ्नुपर्ने भएमा क्याम्पसको स्टोर शाखाबाट जानकारी लिन सकिनेछ ।
११. यो सूचनामा उल्लेख भएका कुराहरु प्रचलित ऐन नियमसँग नबाझ्ेको हदसम्म यसै अनुसार र अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

प्रोपाईटरः बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना